**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**<u>मुख्य समाचार</u>**

1. निर्वाचन आयोगले पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR) प्रक्रियामा उत्कृष्ट योगदान पुऱ्याउने बूथ स्तरीय अधिकारिहरू (BLO) लाई पुरस्कृत गर्ने घोषणा गरेको छ।

2. बंगलादेश अल्पसंख्यक मानव अधिकार कांग्रेसले यस वर्षको जुनदेखि डिसेम्बरसम्म बंगलादेशमा अल्पसंख्यक हिन्दूहरू विरुद्ध ईश्वर निन्दाको आरोपका ७१ वटा घटनाहरू रिपोर्ट गरिएको बताएको छ।

3. बाघडुग्रामा तीन दिवसीय हाथी बन्धु मेला शुरू भएको छ जसको आयोजन खरसाङ वन प्रभागद्वारा स्वैच्छिक समूह जम्बोको सहयोगमा गरिन्दैछ।

4. खरसाङ खण्ड अन्तर्गत उदय संघ घैयाबारीको स्वर्ण जयन्ती समारोह हिज विभिन्न सांस्कृतिक, सांगीतिक र सम्मान कार्यक्रमको साथ सम्पन्न भयो।

5. मौसम विभागले आज उत्तरपूर्वी भारत, उत्तराखण्ड, पूर्वी मध्य प्रदेश, ओडिशा र उप-हिमालयी पश्चिम बंगालमा बाक्लो कुहिरो लाग्ने अनुमान गरिएको छ।

**<u>निर्वाचन आयो पश्चिम बंगाल</u>**

निर्वाचन आयोगले पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR) प्रक्रियामा उत्कृष्ट योगदान पुऱ्याउने बूथ स्तरीय अधिकारिहरू (BLO) लाई पुरस्कृत गर्ने घोषणा गरेको छ।

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले प्रत्येक BLO ले आफ्नो कामको सम्मानमा निर्वाचन आयोगबाट प्रशंसा प्रमाणपत्र प्राप्त गर्ने बताउनुभयो। यस सम्बन्धमा निर्वाचन पंजीकरण अधिकारीहरू (ERO) लाई आवश्यक निर्देशनहरू जारी गरिएको छ। यी पुरस्कारहरू २५ जनवरीमा राष्ट्रिय मतदाता दिवस समारोहको अवसरमा BLO हरुलाई प्रदान गरिनेछ।

**<u>बंगलादेश अल्पसंख्यक</u>**

बंगलादेश अल्पसंख्यक मानव अधिकार कांग्रेसले यस वर्षको जुनदेखि डिसेम्बरसम्म बंगलादेशमा अल्पसंख्यक हिन्दूहरू विरुद्ध ईश्वर निन्दाको आरोपका ७१ वटा घटनाहरू रिपोर्ट गरिएको बताएको छ। मानव अधिकार संगठनले चाँदपुर, चटगाउँ, दिनाजपुर, लालमोनिरहाट, सुनामगंज, खुल्ना, कोमिल्ला, गाजीपुर, टाङ्गेल र सिल्हेट लगायत ३० भन्दा बढी जिल्लाहरूमा यस्ता घटनाहरू रेकर्ड गरेको छ। प्रतिवेदनमा उल्लेख गरिएको छ की ७१ वटा भिन्नभिन्न घटनाहरूमा पक्राउ र एफआईआर, भीडले कुटपिट, हिन्दू घरहरूमा तोडफोड, शैक्षिक संस्थाहरूबाट निलम्बन र निष्कासन, र भीड आक्रमणका कारण मृत्यु समावेश छ। प्रतिवेदनका अनुसार, बंगलादेशमा ईश्वर निन्दाको आरोपमा प्रायः पुलिस कारबाही, भीड हिंसा र सजाय हुन्छ। प्रतिवेदनमा उल्लेख छ कि १५ देखि १७ वर्ष उमेरका नाबालिगहरू सहित नाम दिइएको अभियुक्तहरूमध्ये ९० प्रतिशतभन्दा बढी हिन्दू हुन्। धैरै घटनाहरू फेसबुक पोस्टहरूसँग सम्बन्धित छन्, जबकि अन्य घटनाहरू फोरेन्सिक प्रमाणीकरण बिना मौखिक आरोपहरूमा आधारित छन्।

विशेष गरी विद्यार्थीहरू विरुद्ध साइबर सुरक्षा ऐन अन्तर्गत धेरै उजुरीहरू दर्ता भएका थिए । ईश्वरनिन्दाको आरोप लागेपछि यी विद्यार्थीहरूले निलम्बन, निष्कासन वा प्रहरी कारबाहीको सामना गर्नुपरेको थियो।
१८ डिसेम्बरमा, भालुकामा एक भीडले ईश्वरनिन्दाको आरोपमा दिपुचन्द्र दासलाई कुटपिट गरी हत्या गरेको थियो र उनको शरीरमा आगो लगाइएको थियो।

**आसनसोल**

आसनसोलमा अन्डाल क्षेत्रको खास कजोडा कोलियरी क्षेत्रमा हिज बिहान एक्कासी ज़मीन भास्सिंदा क्षेत्रमा त्रास फैलियो। स्थानीय वासीहरुले बिहानै घरदेखि केहि टाडामा ठूलो खाल्डो बनेको देखे, यो खबर गाउँमा फैलिने वित्तिकै मानिसहरुमा त्रास फैलिएको छ । सूचना पाउने बित्तिकै स्थानीयले तत्काल इस्टर्न कोलफिल्ड्स लिमिटेड का अधिकारीलाई खबर गरेका थिए। खबर पाएपछि खास काजोदा कोलियरीका प्रबन्धक प्रभाकर कुमार पासवान घटनास्थलमा पुगेर घटनाको जानकारी लिएका थिए । प्रारम्भिक अनुसन्धानपछि उनले यस क्षेत्रमा धेरै पुराना खानी रहेको र ती खानीहरू धेरै गहिरो नभएका कारण समयसँगै कमजोर भएको कारण यो घटना भएको हुन सक्ने बताए।

**हाथी बन्धु मेला**

बाघडुग्रामा तीन दिवसीय हाथी बन्धु मेला शुरू भएको छ जसको आयोजन खरसाङ वन प्रभागद्वारा स्वैच्छिक समूह जम्बोको सहयोगमा गरिन्दैछ। मेलाको उद्घाटन डी.एफ.ओ-द्वारा बाघडुग्रा वन कार्यालय, रेन्जमा गरियो। हाथीसित सम्बन्धित गड़बड़ीदेखि प्रभावित विभिन्न क्षेत्रहरूका कृषकहरूले मेलामा स्टलहरूसित भाग लिए।
*यस आयोजनाको उद्देश्य वन विभागसितको सम्बन्धलाई प्रोत्साहन दिन अनि मानिसहरु अनि हाथीको अस्तित्व बारे जागरूकता बढ़ाउन रहेको छ। कार्यक्रम अवधि 18 वन श्रमिकहरूलाई तिनीहरूको सराहनीय कार्यको निम्ति सम्मानित पनि गरियो। खरसाङ वन प्रभागका डी.एफ.ओ देवेश पाण्डेले भन्नुभयो- मेलामा कृषकहरुलाई धानको खेती, मत्स्य पालन, सब्जीको खेती अनि मौरी पालनको रूचीलाई प्रोत्साहन दिदै मानिसहरु अनि हाथीको संघर्षलाई रोक्ने प्रयास हो। यसको उद्देश्य हाथीहरूको बारेमा जागरूकता बढ़ाउन पनि हो किनभने गाउ-बस्तीहरूको विकास भइरहेको छ साथै वन क्षेत्रमा कमी आइरहेको छ। यस वर्ष अहिलेसम्म हाथीहरूसित सम्बन्धित घटनाको कारण पाच जनाको मृत्यु भएको छ जो गत वर्षको तुलनामा आधा हो।*

**उदय संघ-स्वर्ण जयन्ती समारोह**

खरसाङ खण्ड अन्तर्गत उदय संघ घैयाबारीको स्वर्ण जयन्ती समारोह हिज विभिन्न सांस्कृतिक, सांगीतिक र सम्मान कार्यक्रमको साथ सम्पन्न भयो। 1975 मा स्थापना भएको उदय संघ घैयाबारीले पचास वर्ष पूरा गरेको अवसरमा नवनिर्मित सार्वजनिक भवनमा स्वर्ण जयन्ती समारोह सम्पन्न गरियो। उदय संघ घैयाबारीकी सभापति अञ्जली लामाको अध्यक्षता सम्पन्न समारोहमा पूर्व पार्षद आईएन प्रधान प्रमुख अतिथि थिए। समारोहमा घैयाबारी क्षेत्रका सातवटा समाज र संघ संस्थाहरुले गीत र नृत्यहरु प्रस्तुत गरे भने सबैलाई संघको तर्फबाट सम्मान पनि जनाइयो। कार्यक्रममा उदय संघ अन्तर्गत 12 जना विशिष्ट व्यक्तित्व, संघका 50 जना पुराना चेलीहरु र उदीयमान गायक मोहित भुजेललाई पनि सम्मान जनाइयो। कार्यक्रममा विभिन्न सांस्कृतिक नृत्य, शास्त्रीय नृत्य र गीतहरु प्रस्तुत गरिएको थियो।

**सुरभि परिवार- रजत जयन्ती**

खरसाङको वार्ड नम्बर 10 बुध्द ग्राममा रहेको सुरभि परिवारको रजत जयन्तीको अवसरमा हिज किड्स म्याराथनको आयोजना गरियो। सुरभि परिवार र जीटीएको सहयोगमा आयोजित यस कार्यक्रममा प्रमुख अतिथिको रुपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापा उपस्थित रहेका थिए। बोइस र गर्ल्स गरेर चारवटा श्रेणीमा आयोजित यस म्याराथन खरसाङको

मन्टिभियट खेल मैदानबाट शुरु गरिएको थियो। यस म्याराथनलाई जीटीए प्रमुख अनित थापाको विशेष उपस्थितिमा क्षेत्रीय सभासद श्याम शेर्पा, खरसाङ नगरपालिकाको भाइस चेयरम्यान सुवास प्रधान, सुरभि परिवारको सभापति रिता प्रधान आदिको बाहुलीबाट झण्डा देखाएर शुरु गरिएको थियो। म्याराथनमा सबै वर्गका बाल बालिकाहरुलाई प्रथम, दोस्रो र तेस्रो हुनेलाई क्रमैले 5 हजार, 3 हजार र 2 हजार रुपियाँसहित मेडल, प्रमाण पत्र र टिसर्ट प्रदान गरिएको छ।

## कर सुधारमा- ऐतिहासिक रह्यो -2025

वर्ष 2025 आम जनताका लागि एउटा ऐतिहासिक वर्षको रूपमा याद राखिने छ। सरकार र उद्योग जगतले बढाएको चीजबीचको दाम प्राय घट्दैन। तर प्रधानमंत्री नरेन्द्र मोदीको ऐतिहासिक निर्णय -Next -Gen GST सुधारले आम मानिसहरूलाई बचतमा ठूलो राहत दिएको छ। यसले गर्दा विगत दिवालीमा मानिसहरूले रेकर्ड खरीददारी गरे। यसको लाभ पहाडमा पनि स्पष्ट देखिन्छ। पहाडका व्यवसायी अनि जनतालाई यसले कतिको लाभ पूर्याएको छ खरसांग की एक व्यवसायी पायल अग्रवालले भन्नु हुन्छ –

................बाइट पायल अग्रवाल.........

(यो वर्ष 2025 कर सम्बन्धित विषयमा एउटा यादगार वर्ष रहने छ। कारण विगत सितम्बर महिनामा दिपावली भन्दा ठीक अघि वस्तु तथा सेवा कर GST-मा ठूलो परिवर्तन गरी आम मानिसहरू तथा व्यवसायीहरूलाई ठूलो राहत प्रधानमंत्री नरेन्द्र मोदीको सरकारले प्रदान गर्यो। यसलाई सजिलो भाषामा Next-Gen GST भनिन्छ। यसमा कैयन खाद्य तथा औषधीय, शिक्षा संबंधित बस्तुहरूमाथिको GST दर शुन्य पारियो, भने कैयन आवश्यक वस्तुहरूमा करलाई 12% र 18% देखि घटाएर 5%, अटोमोबाइल्स र इलेक्ट्रॉनिक माथिको 28% को दरलाई घटाएर 10% , जबकी धुम्रपान अनि विलाशीताका वस्तुहरूमाथिको करलाई बढाएर 40% गरिएकोछ। यसले आज आम मानिसहरूको सामान किन्ने क्षमता बढेको छ र दोकानेहरूको ब्यापारमा बृद्धि भएकोछ। मो एउटी दोकाने हूँ र मेरोमा आउने प्रायः ग्रहकहरू GST दर कटौती गरेकामा धैरै खुशी देखीन्छन्।)

## मुर्शिदाबाद

मुर्शिदाबादको शक्तिपुरमा, पुलिसले जनता उन्नयन पार्टीका अध्यक्ष तथा विधायक हुमायुन कबीरका छोरालाई आफ्नो व्यक्तिगत सुरक्षा गार्डमाथि कुटपिट गरेको आरोपमा हिरासतमा लिएको छ। सुरक्षा गार्डले पुलिस थानामा लिखित उजुरी दर्ता गराएको छ। पुलिस स्रोतका अनुसार, हुमायुन कबीरको व्यक्तिगत सुरक्षामा तैनाथ हवल्दार जुम्मा खानले केही दिनको बिदाको लागि आवेदन दिएका थिए। यही विषयमा हुमायुन कबीरका छोरा गुलाम नबी आजाद उर्फ सहेलले उनलाई कुटपिट गरेको आरोप छ। आइतबार बिहान जुम्मा खानले शक्तिपुर पुलिस थानामा उजुरी दर्ता गराएका थिए। उजुरीपछि, पुलिसले यस विषयमा अनुसन्धान गर्न शक्तिपुरस्थित हुमायुन कबीरको निवासमा पुगेर विधायकका छोरा गुलाम नबी आजादलाई हिरासतमा लिएको थियो।

## मौसम

मौसम विभागले यस महिनाको ३१ तारिखसम्म हिमाचल प्रदेश, पञ्जाब, हरियाणा, चण्डीगढ, दिल्ली, उत्तर प्रदेश र बिहारमा बाक्लो कुहिरो लाग्ने भएकाले ऑरेंज अलर्ट जारी गरेको छ। आज उत्तरपूर्वी भारत, उत्तराखण्ड, पूर्वी मध्य प्रदेश, ओडिशा र उप-हिमालयी पश्चिम बंगालमा बाक्लो कुहिरो लाग्ने अनुमान गरिएको छ।

****** ० ******